गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, पर्वत**
कुस्मा, नेपाल

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०/०९/२६)

कृषि ज्ञान केन्द्र, पर्वतको आ.व.२०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक पर्वत जिल्ला भित्रका कृषि फर्म, कृषक समुह तथा कृषि सहकारी संस्थाले मिति २०८०/१०/१७ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.स | कार्यक्रमको नाम | लक्ष्य | अनुदानको सहयोग रकम | बजेट रु. (लाखमा) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १ | मकै बीउ उत्पादन तथा मकै बाली प्रबर्द्धन आयोजना | | | ६६ | |
| १.१ | मकै बालीको क्षेत्रफल बिस्तार तथा उत्पादन प्रवर्धन कार्यक्रम | ३० हेक्टर | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना कार्यान्वियन मापदण्ड, २०७९ अनुसार बीउमा बढीमा ७५% तथा सिंचाई लगायतका पूर्वाधार निर्माणमा बढीमा ९०% तथा यान्त्रीकरण तर्फ बढीमा ७५% अनुदान हुने छ। बजारीकरण तर्फ बढीमा ५०% अनुदान हुनेछ। | ३० | कम्तिमा १० घर परिवार संलग्न समूह वा सहकारी मार्फत कम्तीमा १०० रोपनी क्षेत्रफल खेती गर्नु पर्नेछ । |
| १.२ | बीज बृद्धि कार्यक्रम | २० हेक्टर | | २० | कम्तिमा १० घर परिवार संलग्न समूह वा सहकारी मार्फत कम्तीमा २० रोपनी क्षेत्रफल बीउ उत्पादन गर्नु पर्ने |
| १.३ | यान्त्रीकरण तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम | १ पटक | | १० | मकैको क्षेत्रफल विस्तार तथा बीज बृद्धि गर्ने कृषि समूह वा सहकारीका लागि |
| १.४ | मकैको उत्पादनोपरान्त व्यवस्थापन बजारीकरण तथा मूल्य अभिबृद्धि सहयोग कार्यक्रम | १ पटक | | ६ | कृषि, फर्म, कम्पनी, कृषि सहकारी वा समूह मार्फत आवेदन दिन सकिनेछ |

**आवश्यक कागजातहरुः**

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
२. सोही प्रकृतिको कार्यक्रमकालागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।
३. सम्बन्धित स्थानिय तह वडा कार्यालय वा कृषि शाखाको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको) ।
४. खेति विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि।
५. कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको बैठक वसि सो को निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT को प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि ।

*पुनश्चः : माथि उल्लिखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वियन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ र मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना कार्यान्वियन मापदण्ड, २०७९ मा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ। साथै उल्लिखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रकृया अघि बढ्ने छैन।*

**थप जानकारीको लागिः ०६७-४२०१३० मा सम्पर्क गर्न सकिने छ ।**

परशुराम अधिकारी
प्रमुख

फोन नं.: ०६७-४२०१३० ई-मेलः akcparbat@gmail.com वेवसाईटः www.parbat.akc.gov.np